# मृत्यु पछिको जीवन

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# الحياة بعد الموت

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले मृत्यु पश्चातको जीवनको बारेमा र त्यसका केही दृश्यहरूको वर्णन गर्ने प्रयास गरेको छु, साथै मृत्यु र जीवनको सत्यतालाई पनि प्रमाणीकरण गर्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह

यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# मृत्यु र जीवनको वास्तविकता

यस संसारमा जसको पनि जन्म भयो त्यसलाई मृत्युको स्वाद चाख्नै पर्छ चाहे त्यो मान्छे चाहोस् वा नचाहोस् जस्तोकि अल्लाहको भनाई छ :

अर्थ : प्रत्येक प्राणी जो यस धरतीमा छ, नाशवान छ । तर तिम्रो पालनकर्ताको अनुहार (व्यक्तित्व) जो प्रतिष्ठित र सम्मानित छ शेष रहनेवाला छ । ( सूरतुर्रहमान २६,२७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : तिमी जुन ठाउँमा भए पनि मृत्यु आएर तिमीलाई समाती हाल्छ, चाहे तिमी बलियो किल्लामा नै किन नबस ।.... ( सूरतुन् निसा ७८ )

यस संसारका कतिपय जनाले यस मृत्युलाई प्राजित गर्ने सपना देखे तर कसैले पनि यसलाई परजजित गर्नसकेनन् बरु सबैलाई यस मृत्युले प्रास्त गऱ्यो ।

र आजसम्म यसको वास्तविकता पनि कसैलाई थाहा छैन, जीवन र मृत्यु के हो ? यसकुरालाई इस्लामीय दृष्टिकोणले बुझ्नुस् कदाचित तपाईका धेरै समस्याहरूको समाधान यसै ज्ञानबाट भइहालोस् ।

जीवनको अर्थ हो आत्माको शरीरसंगको संलग्नता, जबसम्म आत्मा शरीरको साथ छ हामी जीवित छौं, र यदि आत्माले हाम्रो शरीरको साथ छाड्यो भने हामी मृत्यु घोषित भइहाल्नेछौं । अर्थात जीवन र मृत्यु एउटा दशा र अवस्था झैं प्रतीत हुन्छ, र विशेषताको दृष्टिकोणले यो सत्य पनि हो । तर वास्तवमा आत्मा र मृत्यु हामी जस्तै प्राणी र सृष्टिमध्ये एक हुन् जस्तोकि आत्माको बारेमा अल्लाहको फर्मान छ :

अर्थ : र तिमीसँग आत्माको (रूहको) बारेमा यिनीहरू प्रश्न गर्दछन् । भनिदिनुस् कि त्यो मेरो पालनकर्ताको हुक्मबाट छ । तिमीहरूलाई निकै कम ज्ञान प्रदान गरिएको छ । ( सूरतुल् इस्रा ८५ )

त वास्तवमा आत्मा पनि हामी जस्तै एउटा सृष्टि हो तर त्यसको वास्तविकता अल्लाह बाहेक कसैलाई थाहा छैन । र हामी मात्र

त्यसको दशा वा विशेषताद्वारा त्यसलाई जान्दछौं । अर्थात जीवितलाई हेरेर भन्छौं कि यसको शरीरमा प्राण (आत्मा ) छ, र मृतकलाई हेरेर भन्छौं कि यसमा प्राण छैन अथवा यो शरीर आत्माविहीन छ ।

त यस्तै मृत्यु पनि हामी जस्तै सृष्टि हो जस्तोकि हदीसहरूमा यसको प्रमाण मल्छि कि महा प्रलयको दिन महान अल्लाह मृत्युलाई एउटा जनावरको रूप दिएर सबैको सामुन्ने उभयाउने छ र तत्पश्चात त्यसको वध गर्नेछ, अनि त्यस पश्चात कसैलाई पनि मृत्यु आउने छैन । तसर्थ मृत्युलाई पनि अल्लाहले हामी झैं सृष्टि गर्नुभएको छ, र मृत्यु हामी जस्तै नै एउटा सृष्टि हो । यसकुराको प्रमाणको लागि यो हदीसलाई हेर्नुस् :

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्नुहुन्छ कि जब अल्लाहले आदमलाई सृष्टि गऱ्यो र उहाँका समस्त सन्ततिहरूलाई पनि सृष्टि गऱ्यो त फरिश्ताहरूले (स्वर्गदूत) भने: हे अल्लाह यो धरती त यति धेरै मानवजातिको लागि प्रयाप्त हुँदैन संकुचित भइहाल्छ, त अल्लाहले भन्यो: कि मैले मृत्युलाई पनि सृष्टि

गरिसकेको छु । ( मुसन्नफ इब्ने अबी शैबा, मुस्नद अहमद )

त प्रष्ट यो भयो कि आत्मा (प्राण) र मृत्यु हामी जस्तै सृष्टि हुन् तर हामीलाई यिनीका वास्तविकता थाहा छैन बरु हामी मानछेको शरीरमा यसको संलग्नता हेरेर मात्र यसलाई बुझ्न सक्दछौं ।

र जीवनको मूल आधार आत्मामा निर्भर छ, हाम्रो शरीरको अन्त्य भई शवमा परिणत हुन्छ जब प्राण र शरीरको बिछोड भइहाल्छ जसलाई हामी मृत्यु भन्छौं । तर आत्मा कहिले पनि मर्दैन बरु त्यो मात्र हाम्रो शरीरबाट निस्किहाल्छ वा हाम्रो शरीरको साथ छाडिदिन्छ । तसर्थ यस बिछोड पश्चात पुनः त्यसलाई हाम्रो शरीरसित संलग्न गरिन्छ अनि त्यसको हिसाब किताब हुन्छ र यसकुरालाई अगाडि विस्तारले वर्णन गर्ने छु । तत्पर्य योकि जीवन र मृत्यु यस संसारमा उस्तै छन् जस्तो दिन रात्री एक आएमा दास्रो अवश्य आउने छ । तसर्थ हामीलाई चाहियो कि मृत्यु पश्चातको जीवनको लागि केही यस्ता कर्महरू अगाडि पठाऔं जुन हाम्रो दोस्रो जीवनको लागि लाभप्रद सिद्ध होस् । किनकि अल्लाहले जीवन

र मृत्यु दुवैलाई मात्र हाम्रो परीक्षाको लागि जन्माएको छ । अल्लाहको फर्मान छः

अर्थ : त्यो जसको हातमा राज्यसत्ता छ, बडो कल्याणकारी छ, र जो हरेक कुरामा सामर्थ्यवान छ । जसले मृत्यु र जीवनलाई यसकारण सृष्टि गरेको छ, कि तिम्रो परीक्षा गरोस् । कि तिमीमध्ये राम्रो काम को गर्दछ ? र ऊ अधिपत्यशाली र क्षमाशील छ । ( सूरतुल् मुल्क १,२ )

र यो संसार हाम्रो लागि परिक्षाकोठा बाहेक केही होइन तसर्थ यसमा सफल हुनुको लागि आफ्नो सुख सामग्री आफै त्यार पार ।

# मृत्युबाट घृणा किन ?

वास्तवमा यस संसारमा भएका समस्त प्राणीहरू मृत्युबाट घृणा र जीवनसित प्रेम किन गर्छन् ? जबकि सबैलाई यो कुरो भलिभाँति थाहा छ कि मृत्यु त अवश्य आउने छ जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : तिमी जुन ठाउँमा भए पनि मृत्यु आएर तिमीलाई समातिहाल्छ, चाहे तिमी बलियो किल्लामा नै किन नबस ।.... ( सूरतुन् निसा ७८ )

र यो कुरो विचार गर्ने योग्य छ कि यो मृत्यु त मात्र अत्याचारीहरूको लागि नै दुःखदायी हुनेछ तर निष्ठावानहरू मेमिनहरूको लागि त यो शुभ सूचक नै हुनेछ जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : मृत्यु मोमिन ( आस्थावान ) हरूको लागि उपहार हो । ( तब्रानी, हाकिम )

र आर्को हदीसमा वर्णन छ कि :

अर्थ : मृत्यु मोमिनको लागि त्यसको परिश्रमको राम्रो प्रतिफलको शुभारम्भ हो । ( मुस्नद अद्दैलमी )

तात्पर्य यो कि यो मृत्यु सबैको लागि दुःखदायी हुदैन तै पनि सबै उसबाट भयभीत हुन्छन् किन ?

किनकि संसारका अधिकतम् मान्छेहरू आफ्नो परम् पूज्यको अवज्ञा गर्छन् र अधिकतम् मानवजाति अधर्मी र अविश्वासी छन् कुकर्मी र कुमार्गी छन् । तिनीहरू जीवनभरी ती निर्देशनहरूको अवज्ञा र विरोध गर्छन् जसलाई अल्लाहले उनीहरूको निम्ति अवतरण गरेका छन् । अनि मृत्युबाट किन नडर्ने । यो त वास्तवमा डर्ने योग्य कुरा नै हो । तर अल्लाहका केही सत्यनिष्ठ सदाचारी भक्तहरू मृत्युबाट भयभीत हुँदैनन् बरु त्यसको प्रतिक्षामा बसेका हुन्छन् र आफ्नो पालनकर्ताको साक्षात्कारको अभिलाषी हुन्छन्, त्यसको अनुकमपाको प्रतिक्षा गरिरहेका हुन्छन् । उनीहरूलाई थाहा हुन्छ कि यो संसारिक जीवन त मात्र खेलतमाशा हो वास्तविक र शाश्वतको जीवन त परलोकको जीवन नै हो । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : र यो सांसारिक जीवन त मात्र खेल तमाशा हो । निःसन्देह आखिरतको घरको जीवन नै वास्तविक जीवन हो । उनीहरूले यो

बुझ्ने भए कति राम्रो हुने थियो । ( सूरतुल् अन्कबूत ६४ )
र आर्को सूरतमा अल्लाहको भनाई छ :
अर्थ : तर तिमीहरूले त सांसारिक भौतिक जीवनलाई प्राथमिकता दिन्छौ । जब कि आखिरत ( परलौकिक जीवन ) धेरै उत्तम र शेष रहनेवाला छ । ( सूरतुल् अअ्ला १६,१७ )
र ती सदाचारी र निष्ठावानहरूलाई यो पनि थाहाहुन्छ कि यो संसारिक जीवन त आस्थावानहरूको लागि थुना हो र परीक्षाको एउटा माध्यम हो र अनास्थावानहरूको लागि स्वर्ग हो जस्तोकि हदीसमा वर्णन छ कि :
अर्थ : यो संसार आस्थावानहरू ( मोमिनहरू ) को लागि थुना हो र अनास्थावानहरूको लागि स्वर्ग हो । ( सहीह मुस्लिम, सुनने इब्ने माजा, सुनने तिर्मिजी, मुस्तदरक हाकिम )
अर्थात: अनास्थावान यस संसारमा जे चाहे गर्छ, जे चाहे खान्छ, जे चाहे लगाउँछ । तर आस्थावान मात्र त्यही कार्य गर्छ जसलाई त्यसको पालनकर्ताले त्यसको लागि वैध ठहर गरेको छ, र त्यो कुरो नै खान्छ जुन वैध छन् त्यो लूगा नै लगाउँछ जसलाई लगाउने अल्लाहले अनुमति दिएका छन् । यसले गर्दा यो

संसार उसको लागि जेल सरह छ । तर आर्को जीवनमा जुन शाश्वत र शेष बाँकी रहनेवाला जीवन हो त्यसमा त्यो व्यक्ति परम् आनन्दमा हुने छ । यस विपरीत काफिर, अनास्थावान, अत्याचारी, दुष्कर्मीहरू यस संसारमा त वैध अवैध दुवैको उपभोग गर्छन् तर शाश्वत जीवनमा सदैंव कष्ट र सजाय भोग्ने छन् ।

त हे पाठक विन्द ! आफ्नो जीवनको उद्देश्यलाई बुझ र शाश्वत जीवनको लागि त्यारी गरिहाल कतै यस्तो नहोस् कि त्यस जीवनमा कष्ट नै कष्ट भोग्नु परोस् । र यस संसारमा तिमी पनि मृत्युबाट भयभीतहुनेहरू मध्येका भइहाल ।

त हे भाइ ! आजै अनास्था र कुकर्मबाट तौबा गरिहाल, र अल्लाहमा आस्था राखी उसैको गुणगानमा लाग, र त्यसैको पूजा अराधना तर्फ प्रवृत्त होऊ, र यो याचना सदैव गर्दैगर कि हे पालनकर्ता यदि जीवन मेरो लागि लाभप्रद छ भने मलाई अरु जीवनदान गर, र यदि मृत्यु मेरो लागि उचित छ भने मलाई मृत्यु प्रदान गर हे अल्लाह तिमी त सर्वज्ञानी र सर्वगुण सम्पन्न छौ ।

# मृत्यु पश्चातको दर्शन

मृत्यु भनेको हामीलाई थाहा नै भइसकेको छ कि त्यो आत्मा र शरीरको बिछोड्को अवस्थालाई भनिन्छ । र आत्मा अल्लाहको रहस्यहरू मध्ये एउटा रहस्य हो जसको वास्तविकता अल्लाह बाहेक कसैलाई थाहा छैन, त्यसको वास्तविक ज्ञान मात्र अल्लाहलाई छ । र हामीले यो पनि प्रष्ट पारिसकेका छौं कि आत्मा शाश्वत हुन्छ त्यसलाई मृत्यु आउँदैन बरु मात्र त्यो हाम्रो शरीरबाट निस्कि आर्को ठाउँमा सरिन्छ । र त्यो कुन ठाउँ हो यस कुराको विश्लेषण गर्दाखेरि हामीलाई यो ज्ञान हुन्छ कि सबैको आत्मा एउटै ठाउँमा राखिदैन । कतिपय भाग्यवानहरूको आत्मा स्वर्गको उच्चतम् श्रेणीमा ठाउँ पाउँछ त कतिपयको आत्मा स्वर्गको निकृष्टतम श्रेणीमा, कतिपयको आत्मा नर्कमा जान्छ त कतिपयका आत्माहरू स्वर्गका सरिता र नदीहरूमा हुनेछन् । अर्थात कर्मको आधारमा सबैका आतमाहरूको स्थान र बासस्थान पनि भिन्न हुनेछ, र कर्मकै आधारमा उनीहरूलाई पनि स्थान प्रदान गरिन्छ ।

अर्थात संक्षेपमा यो बुझ्नुस् कि यस आत्माका क्रमशः चारवटा चरणहरू छन् र ती निम्न हुन् :

१ - पहिलो चरण हो जन्मको अर्थात आमाको गर्भ जसभित्र सबै शिशुको शरीरमा यस आत्मालाई हालिन्छ, अनि शिशुको रूप र आकारमा त्यसको जन्म हुन्छ ।

२ - संसारिक जीवन जहाँ यो सबैको शरीरमा रहेर कर्म गर्नुमा सहभागी हुन्छ ।

३ - बर्जख अर्थात मरणोपरान्तको जीवन जसको अवधि प्रलय सम्मको हुनेछ ।

४ - प्रलय पश्चातको शाश्वत जीवन जस पश्चात यसको दशामा कुनै परिवर्तन हुँदैन ।

यो त आत्माको दशा एवं अवस्थाको वर्णन भयो । तर हाम्रो वास्तविक जीवन परलौकिक यात्रा पश्चात नै आरम्भ हुन्छ त्यसलाई म क्रमशः वर्णन गर्ने प्रयास निम्नमा गर्दछु ।

# मृत्यु पश्चातको पहिलो पडाव ( चरण) चिहान

मनुष्यले मरे पश्चात त्यसको पहिलो ठेगाना चिहान नै हो जस्तोकि हामी आफ्नो आँखाले प्रत्यक्ष हेर्दैंगर्छौं । तर वास्तवमा मनुष्य यति तुच्छ र अज्ञानी छ कि त्यसलाई पहिला यो नै थाहा थिएन कि मृतक शरीरलाई के गरोस्, तर अल्लाहले त्यसलाई यो सिकायो कि त्यसलाई कसरी सम्मानको साथ चिहानमा राखिन्छ । जस्तोकि जब यस संसारको सर्वप्रथम हत्या आदमको दुई छोराहरू मध्ये एकले गऱ्यो त त्यसको शवलाई के गरोस् यो सोच्न थाल्यो, तर त्यसलाई केही उपाय समझ्मा आएन अनि अल्लाहले एउटा कागद्वारा त्यसको र्मादर्शन गऱ्यो, हेर्नुस् अल्लाहले यस घटनालाई कुरआनमा यसप्रकार वर्णन गरेको छ ।

अर्थ : (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम !) तिनीहरूलाई आदम(अलैस्सिलाम)का दुईटा छोरा (हाबील र काबील) का कुराहरू पनि सुनाई दिनु कि जब ती दुबैले (अल्लाहलाई) केही भेंट अर्पित गरे, तब एउटाको भेंटी स्वीकार भयो र अर्कोको स्वीकार भएन । उसले

(काबीलले) भन्न थाल्यो कि मैले तिमीलाई हत्या गर्नेछु। (हाबीलले) भन्यो कि अल्लाहले आत्म संयमीहरूको कर्म स्वीकार गर्ने गर्दछ। यदि तिमीले मलाई मार्न हात उठाउँछौ भने म तिमीलाई मार्न हात उठाउन्न, मलाई त अल्लाह, सम्पूर्ण ब्रह्माण्डको स्वामीबाट डर लाग्छ। म त चाहन्छु कि तिमीले मेरो पाप र आफ्नो पाप आफ्नै टाउकोमा राख जसले गर्दा तिमी नर्कीयहरूमध्ये होऊ र अत्याचारीहरूको लागि यही नै दण्ड हो। यसरी उसको मनले उसलाई आफ्नो भाइको हत्या गर्न उत्तेजित गऱ्यो अनि उसले यसको हत्या गरिहाल्यो र जसबाट आफू हानि भोग्नेहरूमा परिहाल्यो। त्यसपछि अल्लाहले एउटा काग पठायो, जसले कि माटो यसकारण खनी रहेको थियो कि त्यसलाई देखाओस् कि उसले आफ्नो भाइको मृतक शरीर कसरी लुकाओस्। उसले भन्न थाल्यो कि ज्यादै दुःखको कुरो छ कि मबाट यति पनि हुन सकेन कि म यस काग जस्तो आफ्नो भाइको शव लुकाउन सकूँ। अनि उसलाई पछुतो भयो र ऊ लज्जितहरू मध्येको भयो। ( सूरतुल् माइदा २७ - ३१ )

यो मानवजातिले गरेको पहिलो हत्या थियो । तात्पर्य योकि हाम्रो पहिलो ठेगाना चिहान नै हो र यसमा पनि हाम्रो सम्मान नै नीहित छ, किनकि अल्लाहले हामीलाई सर्वश्रेष्ठ सृष्टिको पदले सम्मानित गरेको छ त हाम्रो यस सम्मानलाई हाम्रो मरणोपरान्त पनि बाँकी राख्छ त्यो यसरी कि हामीलाई मृत्यु पश्चात जनावर झैं फालेमा हाम्रो शवको अपमान हुन्थ्यो यसैले अल्लाहले हामीलाई यो चिहानमा दफनाउने तरिका सिकायो, तर अधिकांश मानछेहरूले कृतज्ञता प्रकट गर्दैनन् ।

र हाम्रो यो पहिलो चरण अति महत्वपूर्ण चरण हो जुन मान्छे यसमा सफल भयो त्यो अरु अगाडिका समस्त चरणहरूमा सफलता प्राप्त गर्नेछ ।

तर हे भाइ ! मृत्यु पश्चातको यो पहिलो चरण अति कष्टमय र दुखदायी हुन्छ, र जसले पनि अल्लाह र तयसका सन्देष्टाहरू माथि आस्था राख्दैन त्यो कदापि यसमा सफल हुनेछैन, बरु त्यसको स्वागत कष्टबाट नै हुनेछ । एउटा हदीसमा वर्णन छ जस हदीसलाई लगभग ५० सहाबीहरूले वर्णन गरेका छन् यो हदीसलाई पढी यसमा अवश्य विचार गर्नु होला ।

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ: कि चिहानमा जब मृतक दफनाइन्छ त त्यस निकट दुई फरिश्ताहरू आउँछन् र त्यससित सोध्छन्: कि तिम्रो पालनकर्ता को हो ? त यदि त्यो मान्छे संसारिक जीवनमा आस्थावान थियो भने उत्तर दिनेछ: मेरो पालनकर्ता अल्लाह हो , अनि सोध्छन् तिम्रो धर्म के हो ? त तयो उत्तर दिन्छ कि मेरो धर्म इस्लाम हो, अनि सोध्छन् कि जुन मान्छे तिमीहरूको माझमा पठाइएको थियो त्यसको बारेमा तिम्रो के विचार छ ? त त्यो मोमिन मान्छे भन्छ: कि उहाँ त अल्लाहले पठाएका सन्देष्टा हुनुहुन्थ्यो, त उनीहरू सोध्छन् कि यो कुरो तिमीलाई कसरी थाहा भयो ? त त्यो मान्छे भन्छ : कि मैले अल्लाहको किताब ( कुरआन) को अध्ययन गरेर त्यसमा भएका निर्देशनहरू माथि आस्था राखेर त्यसका समस्त निर्देशनहरूमा विश्वास राख्नुको कारण मलाई यो सबै थाहा भएको हो । त आकाशमा ठूलो स्वरमा पुकारिन्छ कि मेरो भक्तले सत्य भन्यो त्यसको लागि स्वर्गको ओछ्यान लगाइदेऊ, र त्यसको लागि स्वर्गको ढोका खोलिदेऊ, र त्यसलाई स्वर्गीयहरूको लुगा लगाउन देऊ । र

त्यसको चिहानलाई अति फराकिलो गराइने छ । तर यदि मान्छे अनास्थावान हुन्छ भने जब चिहान भित्र ती दुईटै फरिश्ताहरूले सोध्छन् कि तिम्रो पालनकर्ता को हो ? त त्यो मान्छे भन्ने छः हाय हाय (अफ्सोच) मलाई त केही थाहा नै छैन, अनि सोध्नेछन् तिम्रो धर्म के हो ? त पहिलो उत्तर झैं भन्ने छ हाय हाय मलाई त यसबारे केही ज्ञान नै छैन, अनि सोध्छन् तिमीहरूको माझमा जुन व्यक्ति पठाइएका थिए त्यसको बारेमा तिम्रो के विचार छ ? त त्यसको उत्तर पहिला दुवै उत्तरबाट भिन्न हुँदैन । अनि आकाशमा ठूलो स्वरले पुकारिन्छ कि मेरो यस दासले असत्य भन्यो, यसको लागि नर्कको ओछ्यान लगाइदेऊ, र यसको लागि नर्कको ढोका खोलिदेऊ, र यसलाई नर्कीयहरूको लुगा लगाइदेऊ.... । ( यो हदीस विस्तारको साथ सुनने अबी दाऊदमा वर्णन छ )

त हे भाइ ! चिहानमा यदि त्यो मान्छे आफ्नो संसारिक जीवनमा आस्थावान र सत्कर्मी रहेको छ भने स्वर्गको अनुकम्पा प्रदान गरिनेछ । तर यदि व्यक्ति आफ्नो संसारीय जीवनमा अनास्थावान र अधर्मी थियो भने त्यसलाई

दण्ड दिइनेछ र त्यसलाई चिहान यसरी थिच्छ कि त्यसका शरीरका हड्डीहरू एकआर्का सित मिलिहालछन् । यसले गर्दा आफ्नो यस ठेगानाको लागि आजैदेखि सुकर्म गरेर सफल हुने प्रयत्न गर, नत्र मृत्यु आए पश्चात अफशोच बाहेक केही गर्न सक्नु हुनेछैन ।

# दोस्रो चरण सिंगा फूँक्नु

जब इस्राफील नामक फरिश्ताले पहिलो पटक सूर ( सिंगा ) फूँक्ने छन् त समस्त संसार ध्वस्त भइहाल्ने छ, चन्द्र, सूर्य, आकाश, पाताल सबैको अन्त्य हुनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : र जुन दिन सूर फूकिनेछ तब जो आकाशहरू र जो जमिनमा छन्, सबै आत्तिनेछन्, (मुर्छित भइहाल्नेछन्) तिनी बाहेक जसलाई अल्लाह चाहन्छ । र सबै उसको समक्ष विवश र बाध्य भई उपस्थित हुनेछन् । र जब तिमीले पहाडहरूलाई हेरेर तिनीहरूलाई आफ्नो ठाउँमा स्थिर देख्दछौ, तर तिनीहरू पनि यसप्रकार हिंड्नेछन्, जस्तो कि बादल । यो अल्लाहको कारीगरी हो, जसले प्रत्येक कुरालाई बलियो बनायो । निःसन्देह उसले तिम्रा कर्महरूको बारेमा जानकारी राख्दछ । ( सूरतुन्नम्ल ८७,८८ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

अर्थः र जब सूर फूँकिनेछ तब, जो आकाशमा छन् र जो धरतीमा छन्, सबै मूर्छित भई ढल्नेछन् (तर) जसलाई अल्लाहले चाहन्छ,

फेरि दोस्रो पटक सूर फूँकिनेछ, तब तुरुन्तै सबै उभेर हेर्न थाल्नेछन् । र धरती आफ्नो पालनकर्ताको प्रकाशले जगमग हुनेछ र कर्मको खाता खोलेर राखिदिइनेछ, पैगम्बर र (अन्य) साक्षीहरू उपस्थित गराइनेछन् र उनीहरूमा इन्साफको साथ निर्णय गरिनेछ र कसैमाथि अन्याय गरिने छैन । ( सूरतुज्जुमर ६८,६९ )

र आर्को सूरतमा अल्लाहको भनाई छ :

अर्थ : तसर्थ जब सूरमा एकफूँक फूँकिनेछ, र धरती र पहाड दुवै उठाइनेछन्, र एकैचोटीबाट क्षतविक्षत गरिनेछन् । ( सूरतुल् हाक्का १३,१४ )

र हदीसमा वर्णन छ कि :

अर्थ : जब अल्लाहले समस्त ब्रह्माण्डलाई सृष्टि गरिसक्यो त सिंगालाई सृष्टि गऱ्यो अनि इस्राफील नामक फरिश्तालाई प्रदान गऱ्यो त त्यो फरिश्ता त्यो सिंगालाई आफ्नो मुखमा लगाई अल्लाहको आदेशको प्रतिक्षा गर्दै अल्लाहको अर्शतर्फ हेरिराखेको छ कि त्यसलाई फूँक्ने आदेश गरियोस् .... (र यसै हदीसमा अगाडि वर्णन छ) कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोकि सूर तीन पटक फूँकिन्छ । एउटा फूँकेमा समस्त ब्रहमाण्ड

क्षतविक्षत भइहाल्नेछ, र दोस्रो पटक सिंगा फूँकेमा सबै मूर्छित अर्थात मृत भइहाल्ने छन्, र तेस्रो पटक सूर फूँकेमा सबै पुनः जीवित भई आफ्नो पालनकर्ता तर्फ त्यसको समक्ष गई उभिनेछन् । ( मुस्नद अबू यअ्ला, बैहकी, तब्रानी )

दोस्रो पटक सूर फूँकेमा सबै मूर्छित हुनेछन् जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : र जब सूर फूँकिनेछ तब, जो आकाशमा छन् र जो धरतीमा छन्, सबै मूर्छित भई ढल्नेछन् (तर) जसलाई अल्लाहले चाहन्छ, फेरि दोस्रो पटक सूर फूँकिनेछ, तब तुरुन्तै सबै उभेर हेर्न थाल्नेछन् । र धरती आफ्नो पालनकर्ताको प्रकाशले जगमग हुनेछ र कर्मको खाता खोलेर राखिदिइनेछ, पैगम्बर र (अन्य) साक्षीहरू उपस्थित गराइनेछन् र उनीहरूमा इन्साफको साथ निर्णय गरिनेछ र कसैमाथि अन्याय गरिने छैन । ( सूरतुज्जुमर ६८,६९ )

त यस पटक जे जति सृष्टिहरू छन् सबैको अन्त्य हुनेछ मात्र एक अल्लाह जुनकि अविनाशी छ त्यो मात्र नै बाँकी रहनेछ । अनि जब तेस्रो पटक सिंगा फूँकिने छ त समस्त

सृष्टिहरू आफ्नो पालनकर्ता समक्ष आएर उभिने छन् जस्तो कि अल्लाहको भनाई छ :

अर्थ : र सूर (सिंगा) फूँकिने बित्तिकै यिनीहरू सबै आफ्ना चिहानहरूबाट (निस्केर) आफ्नो पालनकर्तातिर दर्गुर्नेछन् । भन्नेछन्: "हाय-हाय कसले हामीलाई निद्राबाट जगाइदियो ? यही हो जसको रहमानले वचन दिएको थियो । र रसूलहरूले साँचो कुरा भनेका थिए" । अनि एउटा ठूलो चित्कार हुनेछ । त उनीहरू सबै अचानक हाम्रो सामु उपस्थित गराई हालिने छन् । यस दिन कुनै व्यक्तिमाथि कुनै पनि अन्याय हुनेछैन र तिमीलाई प्रतिफलको रूपमा त्यही प्राप्त हुनेछ जुन तिमीले गर्दै आइरहेका थियौ । ( सूरतु यासीन ५१-५४ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

अर्थ : जुन दिन मानिसहरूले त्यस ठूलो चित्कार निश्चित तौरल सुनिहाल्नेछन् । त्यही ( चिहानबाट) निस्किने दिन हुनेछ । हामीले नै जीवित गर्दछौं र हामीले नै मार्दछौं र हाम्रै पासमा फर्केर आउनु छ । जुन दिन जमीन फाट्नेछ र उनीहरू झट्ट निस्किहाल्नेछन् । यो एकत्रित गर्नु हामीलाई बिल्कुल सरल छ । ( सूरतु काफ ४२-४४ )

र यस सूर पश्चात अल्लाह तआलाले एउटा विशेष प्रकारको वृष्टि गराउने छ जसको उद्देश्य यो हुन्छ कि अल्लाह सबैलाई जीवित पारोस् । अनि यो वृष्टि हुनसाथ सबै जीवधारीहरू साग सब्जी झैं धरतीबाट उमर्न थाल्छन्, र सबैको पुर्नावृत्ति पूर्णरूपले त्यस्तै हुनेछ जस्तोकि त्यो संसारमा थियो अनि सबै दगुर्दै आफ्नो पालनकर्ता अल्लाह समक्ष आउने छन्, र सबैजना त्यसदिन वस्त्रहीन हुनेछन् उस्तै जस्तो कि आफ्नो आमाको गर्भबाट जन्मेका थिए । जस्तो कि हदीसमा वर्णन छः

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः कि तिमीहरू प्रलयको दिन जसरी नंग्न अवस्थामा जन्मेका थियौ त्यस्तै भेला गरिनेछौ ( बुखारी, मुस्लिम )

# तेस्रो चरण हश्र

हश्र भनेको अरबी शब्द हो जसको अर्थ हो भेला हुनु । जब तेस्रो पटक सूर फूँकिन्छ तब सबै एउटा ठूलो चौर जसलाई मैदाने हश्र भनिन्छ त्यहाँ आई भेला हुनेछन्, र यसै चौरमा सबैको हिसाब किताब हुनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : जुन दिन सूरमा फूँकिनेछ, अनि तिमीहरू समूह-समूहमा आई उपस्थित हुनेछौ । र आकाश खोलिनेछ, (त्यसमा) ढोकैढोका हुनेछ । र पहाड चलाइनेछन्, तब तिनीहरू रेत भइहाल्नेछन् । ( सूरतुन् नबा १८-२० )

र हदीसमा वर्णन छ कि :

अर्थ : अल्लाहले सबैलाई त्यसदिन भेला गर्नेछ जहाँ सबै ४० वर्ष अआफ्नो हिसाब किताबको लागि प्रतिक्षा गर्ने छन् । ( तब्रानी, हाकिम )

र यो दिन मान्छेहरूको दशा वास्तावमा हेर्ने योग्य हुनेछ कि सबै आफ्नै पसीनामा भीजेका हुनेछन् बरु त्यसै पसीनामा घाँटीसम्म डूबेका हुनेछन् । जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : प्रलयको दिन मान्छेहरूको पसीना उनीहरूको कान सम्म पुग्नेछ । ( बुखारी, मुस्लिम )

र यसदिन सूर्यलाई धरतीभन्दा नजिक गरिनेछ, र सबै मान्छेहरू बहुलहा र नशा गरेको अवस्थामा हुनेछन् तर वास्तवमा उनी बहुलहा अथवा उन्मादको अवस्थामा हुँदैनन् बरु त्यस दिनको विशालताले यस्तो प्रतीत हुन्छ । जस्तोकि अल्लाहको फर्मान छः

अर्थ : जुन दिन त्यसलाई तिमीले देख्ने छौ । ( अवस्था यो हुन्छ कि) प्रत्येक दूध ख्वाउने ( आमा) आफ्ना दूध खाने बच्चाहरूलाई बिर्सि दिने छिन् र प्रत्येक गर्भवतीको गर्भपात भई जाने छ। र तिमीले मानिसहरूलाई नशा लगेको अवस्थामा देख्ने छौ, जबकि तिनीहरू नशा लागेको हुने छैनन् । तर अल्लाहको सजाय बडो कठोर कुरो हो । ( सूरतुल् हज्ज २)

यसै दिनलाई हामी प्रलयको नामले जान्दछौं, जहाँ कोही पनि कसैको सहायक हुँदैन मात्र त्यसको सत्कर्म नै त्यसको सहायक हुनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : तसर्थ जब कानै च्यातिने (कियामतको) प्रचण्ड आवाज आउनेछ । त्यसदिन मानिस आफ्ना दाजुभाइहरूबाट, र आफ्नो आमा र बाबुबाट, र आफ्नो श्रीमती र छोराहरूबाट भाग्नेछ । यी मध्ये प्रत्येक व्यक्तिलाई त्यसदिन यस्तो चिन्ता हुनेछ जो उसैको लागि प्रयाप्त हुनेछ । ( सूरतु अबस ३३-३७ )

र यसैदिन रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो उम्मतीहरूको ( अनुयायीहरूको ) लागि सिफारिश गर्नेछन् जुन उनका समस्त अनुयायीहरूको लागि हुनेछ मात्र ती अभागाहरू बहेक जसले बहुदेववादमा आस्था राखेका थिए अर्थात शिर्क गरेका थिए वा बिदअत ( रसूलको पद्धतिलाई त्यागी आफ्नो मिथ्या तरिका ले कार्य ) गरेका थिए ।

# चौथो चरण हिसाब

हिसाब भनेको के हो भन्दाखेरि अल्लाह तआला सबैको कर्म त्यसलाई देखाउँछ र त्यसबाट यो इकरार गराउँछ कि त्यसले यो कर्महरूलाई गरेको छ । र त्यसैको आधारमा त्यस मान्छेलाई सजाय र अनुकम्पा प्रदान गरिने छ, र कसैमाथि कण बराबर पनि अनयाय गरिने छैन जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : जब धरती पूर्ण रूपले (भूकम्पबाट) प्रकम्पित गरिहालिनेछ । र पृथ्वीले आफ्नो (भित्रको) बोझ बाहिर निकालिदिनेछ । मानिसले भन्न थाल्छ कि यसलाई के भएको छ ? त्यसदिन पृथ्वीले आफ्नो सबै कुराहरू वर्णन गर्नेछ । यसकारण कि तिम्रो पालनकर्ताले उसलाई आदेश पठाएको हुनेछ । त्यसदिन मानिसहरू समूह-समूह गरी फिर्ता आउनेछन् ताकि उनीलाई उनको कर्म पत्री देखाई दिइयोस् । अतः जसले अलिकति पनि नेकी( पुण्य) गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । र जसले अलिकति पनि नराम्रो काम गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । ( सूरतुज् जल्जला १-८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :
अर्थ : यसमा कुनै शंका छैन कि अल्लाह कसैसित अलिकति पनि अन्याय गर्दैन.... । ( सूरतुन् निसा ४० )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :
अर्थ : र त्यस दिनसँग डर जबकी अल्लाहको अगाडि फर्केर जानेछौ र प्रत्येक मानिसले आफ्नो कर्महरूको प्रतिफल प्राप्त गर्ने छ र तिनीहरूमाथि अन्याय हुने छैन । ( सूरतुल् बकरः २८१ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :
अर्थ : अनि, त्यस बेला के अवस्था हुने छ जब हामीले तिनलाई एकत्रित गर्ने छौं ?। जसको आगमनमा कुनै शंका छैन । र प्रत्येक व्यक्तिले गरेको अ-आफ्ना कर्महरूको पूर्ण प्रतिफल पाउने छ र तिनीहरू प्रति केही पनि अत्याचार गरिने छैन । ( सूरतु आले इम्रान २५ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :
अर्थ : यो असम्भव छ कि रसूलले बेइमानी गरुन् । र प्रत्येक बेइमानी गर्नेले कियामतको दिन बेइमानी गरिएको कुरा समेत लिएर प्रस्तुत हुनुपर्ने छ, त्यसपछि प्रत्येक मानिसलाई उसले गरेको कर्तव्य पूरापूर प्रतिफल दिइने छ,

र तिनीहरू उपर अन्याय गरिने छैन । ( सूरतु आले इम्रान १६१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : जसले सद्कर्म गर्दछ, चाहे त्यो पुरुष होस् वा स्त्री, ईमान भएको छ भने यस्ता मानिसहरूले जन्नतमा प्रवेश पाउने छन् र तिनीहरू प्रति खजूरको गुठलीको फाँक बराबर (अलिकति) पनि अन्याय गरिने छैन । ( सूरतुन् निसा १२४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : र यदि हरेक उल्लंघनकारी सित धर्तीका सम्पूर्ण कुराहरू छन् भने ती सबै कुरा आफू बच्नको लागि दिन तयार हुनेछ । र जब तिनीहरूले सजाय देख्दछन् त लज्जालाई लुकाउनेछन्, र तिनीहरूमा न्यायपूर्ण रूपले फैसला गरिनेछ, र कुनै प्रकारको अत्याचार तिनीहरूमाथि गरिनेछैन । ( सूरतु यूनुस ५४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : जुन दिन हरेक प्राणी आफ्नो स्वार्थको लागि लडाई झगडा गर्दै आउँछ र प्रत्येक व्यक्तिलाई उसको क्रियाकलापको पूरा-पूरा प्रतिफल दिइनेछ, र कसैमाथि बिल्कुल अन्याय हुने छैन । ( सूरतुन् नहल १११ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : र कर्मपत्र माभमा राखिनेछ, तब तिमीले त्यसबाट पापीहरूलाई भयभीत भएको देख्नेछौ र तिनीहरूले भन्नेछन् कस्तो अफशोच यो कस्तो किताब हो कि न सानो कुरोलाई छोड्छ न ठूलो, र जो कर्म गरेका हुन्छन् सबैलाइ त्यसमा पाउनेछन्, र तिम्रो पालनकर्ताले कसैमाथि अन्याय वा अत्याचार गर्नेछैन। ( सूरतुल् कहफ ४९ )

र यस जस्ता सैकडौं कुरआनका आयतहरू यस कुराको स्पष्टिकरण गर्छन् कि प्रलयको दिन कसैमाथि कुनै प्रकारको अन्याय अत्याचार हुनेछैन ।

र त्यसदिन विशेषगरी ४ कुराबारे सबैसित अवश्य सोधपूछ गरिनेछ । जस्तोकि हदीसमा वर्णन छ :

अर्थ : प्रलयको दिन मान्छेसित यो चारवटा कुराबारे सोधपूछ नगरिकन् त्यसलाई त्यहाँबाट हिंडडुल गर्नु मिल्दैन !

१- त्यसको उमेरवापत कि त्यसले त्यस उमेरलाई कता बितायो जुन यसलाई प्रदान गरिएको थियो ।

२- र त्यसको ज्ञानवापत कि त्यसले त्यस ज्ञानको आधारमा कति कर्म गऱ्यो ।
३- र त्यसको मालवापत कि त्यसले त्यो सम्पत्ति कहाँबाट र कुन तरिकाले कमायो र कहाँ खर्च गऱ्यो ।
४- र त्यसको शरीरको बारेमा कि त्यसलाई कुन कार्यमा लगाएको थियो । ( मुस्नद अहमद )

अर्थात यसदिन अल्लाह सबैको कार्यको पुलिन्दा सबै समक्ष प्रस्तुत गर्नेछ, र त्यसले यदि त्यसलाई नकार्छ भने त्यसका अंगहरू त्यसको विरोधमा साक्षी बस्ने छन् र भन्नेछन् कि यो झूठ भनिराखेको छ । र यसैदिन कसैलाई त्यसको क्रमपत्र दायाँ हातमा त कसैको देब्रे हातमा दिइनेछ । अल्लाहसित दुआ छ कि हामीलाई दायाँ हातवालाहरू मध्येको बनाओस् (आमीन)

र हाम्रो क्रमपत्र हामीलाई दायाँ हातमा मिलोस् किनकि दायाँ हातवाला नै त्यसदिन सफलता प्राप्त हुनेछन् र तिनीहरूको लागि ठूलो अनुकम्पा हुनेछ तर देब्रे हातवालाहरू ठूलो कष्टमा पर्नेछन् । अल्लाह दुवैको अवस्था कुरआनमा यसरी वर्णन गर्नु भएको छ :

अर्थ : र दाहिना हातवालाहरू निकै ( भाग्यशाली) हुनेछन्, उनी काँडा नभएका वैरहरू, र गुच्छेदार केराहरू, र परसम्म फैलिएका छाँयाहरू, र पानीका झरनाहरू, र प्रशस्त फलहरूमा, जुन कहिल्यै समाप्त हुने छैनन् र उनीबाट कसैले रोक्ने छैन, र अग्ला, अग्ला ओछ्यानमा हुनेछन्, हामीले उनीहरूका स्वास्नीहरूलाई विशेष प्रकारले सृष्टि गरेका छौं । अनि उनीहरूलाई हामीले कुमारी (पवित्र) बनायौं । समान उमेरकी र मायालु । दाहिने हातवालाहरूको निम्ति हुन यिनीहरूमा अघिल्ला मध्येका पनि धेरै हुनेछन् । र पछिल्ला मध्येका पनि धेरै हुनेछन्,र बाँया हातवालाहरू, (अफशोच) बाँया हातवाला कस्ता छन् । गर्म हवा र उम्लिराखेको पानीमा हुनेछन् । र कालो धुवाँको छाँयामा, जुन न चिसो छ न रुचाउने योग्य । निःसंदेह उनीहरू यसभन्दा पहिला धेरै सुख सुविधामा थिए । ( सूरतुल् वाकिअः २७-४५ )

# पाँचौं चरण तराजू ( तुला )

जब हिसाब किताब भइहाल्छ तब सबैको कर्मलाई तुलामा राखी तौल गरिनेछ र त्यसै बमोजिम त्यसलाई प्रतिफल प्रदान गरिनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : र हामीले कियामतका दिन निसाफको तराजू बीचमा राख्नेछौं अनि कुनै पनि व्यक्तिप्रति अन्याय हुनेछैन । र एउटा रायोको दाना बराबर पनि कर्म छ भने हामीले त्यसलाई उपस्थित गराउनेछौं, र हामी हिसाब गर्नको निमित्त पर्याप्त छौं । ( सूरतुल् अम्बिया ४७ )

त जसको कुकर्मको तुला गरुङ्गो हुनेछ त्यसको सर्वनाश हुनेछ, त्यो नर्कीयहरू मध्येको हुनेछ । तर जसको सुकर्मको तुला गरुङ्गो हुनेछ त्यो प्रफुल्लित भई स्वर्गमा प्रवेश पाउनेवाला मध्येको हुनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

अर्थ : फेरि जसका (कर्महरूको) वज़न गरुङ्गो हुनेछ, ऊ त इच्छित आरामको जिन्दगीमा हुनेछन् । र जसका वज़न हलका हुनेछन्, उनीहरूको फर्केर जाने ठाउँ "हाविया" (गहिरो

खाल्डो) हो । र तिमीलाई के थाहा कि "हाविया" के हो ?(त्यो) प्रज्वलित आगो हो । ( सूरतुल् कारिअः ६-११ )

र यदि कसैको सुकर्म अलिकति घटेको खण्डमा कुनै आफन्तीसित माँग्न खोज्छ भने सबै आँखा चिम्लियाई लुकेर भाग्ने छन् । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : त्यसदिन मानिस आफ्ना दाजुभाइहरूबाट । र आफ्नो आमा र बाबुबाट । र आफ्नो श्रीमती र छोराहरूबाट भाग्नेछ । यी मध्ये प्रत्येक व्यक्तिलाई त्यसदिन यस्तो चिन्ता हुनेछ जो उसैको लागि प्रयाप्त हुनेछ । ( सूरतु अबस ३४-३७ )

# छठौं चरण पुलसेरात

पुलसेरात भनेको एउटा पुल हो जुन नर्क र स्वर्ग बीच स्थापित गरिन्छ । जुन कपालभन्दा पात्लो र तरवारभन्दा तीव्र धारवाला हुनेछ । अनि त्यसैको माथिबाट सबैलाई गुज्रनु पर्नेछ, त सत्कर्मीहरूलाई त एउटा प्रकाश प्रदान गरिनेछ जसको सहायताले उनीहरू यस पुललाई पार गर्नेछन् । तर कुकर्मी र अधर्मीहरूको सर्वनाश हुनेछ किनकि उनीहरू यसलाई पार गर्नसक्दैनन् बरु नर्कमा खसिहाल्छन् । र सत्कर्मीहरूको पनि यसलाई पार गर्ने तरिका भिन्न भिन्न हुन्छ, कतिपय त जसका सुकर्महरू अति उत्तम र अधिक हुनेछन् ती त्यसै अनुसार पार पनि गर्नेछन् अर्थात आँखा चिम्ल्याउने वा करेन्टको तीव्र गतिले त्यसलाई पार गर्छन् त कतिपय घिसिरिएर पार गर्छन् । अर्थात अआफ्ना कर्म अनुसार वेरसवेर त्यसलाई पार गर्नेछन् ।

अनि यो पुललाई पार गरे पश्चात स्वर्गको ढोका अगाडि पुग्छन् र त्यहाँ ढोका खोलिने प्रतिक्षा गर्छन् । अनि अल्लाहको आदेशले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम स्वर्गको

ढोका खोल्नेछन् र उनी नै सबैभन्दा पहिला स्वर्गमा प्रवेश पाउने छन् । अनि सबै स्वर्गीयहरू त्यसमा प्रवेश गर्नेछन् त्यस स्वर्गमा जसको अनुकम्पाको वर्णन शब्दमा गर्न सकिन्न त्यसमा त्यो सबै सुख सामग्री हुनेछ जस जसको स्वर्गीयहरू कामना गर्नेछन्, यस्ती सुन्दरीहरू र अप्सराहरू हुनेछिन जसलाई कसैले छोएको हुँदैन तिनीहरूको सुन्दरताको बखान कोही मान्छे पनि गर्न सक्दैन । स्वर्गका केही विशेषता अल्लाहले सूर: रहमानमा र सूर: अलवाकिआमा यसरी गरेको छ :

अर्थ : स्वर्गमा रहनेहरू यस्ता ओछ्यानमा तकिया लगाएर बसेका हुनेछन्, जसको अस्तर बाक्लो रेशमका हुनेछन्, र दुवै बगैंचाका फलहरू नजिकै हुनेछन् । त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पलाई असत्य ठहराउने छौ ? त्यहाँ आँखा झुकाएका लज्जालु स्त्रीहरू (अप्सरा) हुनेछिन्, जसलाई जन्नतवाला भन्दा पहिला न कुन मानिसले स्पर्श गरेको हुन्छ र न कुनै जिन्नले, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? ती (अप्सरा) स्त्रीहरू याकूत र

मूँगा जस्ती हुने छिन् । ( सूरतुर्रहमान ५४-५८ )

र यसै सूर:को आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : यिनीहरूमा स्वादिष्ट फल, मेवाहरू खजूर र अनारहरू हुनेछन् । अत: तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? यिनीहरूमा चरित्रवान र सुन्दर स्त्रीहरू छिन् । त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? गोरो रंग भएकी ती स्त्रीहरू स्वर्गका खीमाहरूमा रहनेवाली हुन् । त तिमीले (हे मानव र जिन्न) आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? जसलाई पहिला न कुनै मनुष्यले छोएको हुन्छ र न कुनै जिन्नले, त तिमीले आफ्नो पालनकर्ताको कुन-कुन अनुकम्पालाई असत्य ठहराउने छौ ? उनीहरू हरिया रेशमी डसना र उत्कृष्ट र असाधारण गलैंचाहरूमा तकिया लगाएर बसेका हुनेछन् । ( सूरतुर्रहमान ६८-७६ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : र दाहिना हातवालाहरू निकै (भाग्यशाली) हुनेछन्, उनी काँडा नभएका वैरहरू, र गुच्छेदार केराहरू, र परसम्म फैलिएका छाँयाहरू, र पानीका झरनाहरू, र प्रशस्त फलहरूमा, जुन कहिल्यै समाप्त हुने छैनन् र उनीबाट कसैले रोक्ने छैन, र अग्ला, अग्ला ओछ्यानमा हुनेछन्, हामीले उनीहरूका स्वास्नीहरूलाई विशेष प्रकारले सृष्टि गरेका छौं । अनि उनीहरूलाई हामीले कुमारी (पवित्र) बनायौं । समान उमेरकी र मायालु । दाहिने हातवालाहरूको निम्ति हुन । ( सूरतुल् वाकिअ: २७-३८ )

र स्वर्गमा अरु के के हुनेछ अल्लाह बाहेक कसैलाई थाहा छैन तर त्यसको अधिकारी र तयसका अनुकम्पाहरूको उपभोग गर्नेवाला त अल्लाहका सदाचारी भक्तहरू नै हुन् ।

त हे भाइ ! मैले संक्षेपमा मरणोपरान्तका केही दृश्यहरू तपाईहरूको समक्ष राख्ने प्रयास गरें यसलाई ध्यानदिएर पढ्नुस् र सत्कर्मको मार्गमा लाग्नुस् । यो जीवन हामीलाई अल्लाहले प्रदान गरेको एउटा उपहार हो, यसको सद्उपयोग गर्नुस् । र यसलाई त्यसै दाताको स्तुति र गुणगानमा लगाई त्यसको आभार प्रकट गर्नुस्

। र तयसले वर्जित गरेका कुराहरूको नजिक पनि नजानुस्, मात्र त्यस पालनकर्ताले जायज गरेको कुराहरूको उपभोग गर्नुस् जसले गर्दा मरणोपरान्तको जीवनमा सफलता पाउनुहोस् । र त्यस स्वर्गको अधिकारी बन्नुहोस् जसमुनि सरिताहरू बगिराखेका हुनेछन् । जसमा दूधको, मदिराको, महको सरिताहरू प्रवाहित छन् । र यस्ती नारीहरू हुनेछिन् कि यदि तिनका एक झलक हेर्न पाएमा सबै संसारका पुरुषहरू मोहित भई मूर्छित भइहाल्ने छन् ।
र त्यस नर्कबाट बाँच्ने प्रयत्न गर जसको सजायको कुनै मान्छे कल्पना पनि गर्न सक्दैन । जसमा पाइने सर्प यति विषालु हुनेछन् कि यदि ती मध्ये मात्र एउटा सर्पले यस संसारमा फुफ्कार मारोस् भने प्रलयसम्म यस संसारमा कुनै हरियो घासपात उमर्ने छैन । र त्यस नर्कमा खानुको लागि पीप र पिउनुको लागि उम्लिराखेको पानी हुनेछ । र जसमा नर्कीहरूलाई सदैंवको लागि आगोमा पोलिनेछ । त हे सर्वश्रेष्ठ जीवधारी ! आफ्नो पालनकर्ता तर्फ प्रवृत्त भइहाल, र आफूलाई र आफ्नो जहान परिवारलाई त्यस नर्कको कष्टमय यातनाबाट बचाऊ । अल्लाह हामी सबैलाई

स्वर्ग प्रदान गरी नर्कबाट बचाउन्, र हाम्रो मरणोपरान्तको जीवनलाई सुखमय बनाउन् आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

***लेखक***

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com